आज मिति २०७४।११।०३गते बिहिबार बिहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साँह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |
| सचिव | टेक प्रसाद भट्टराई | |

## आमन्त्रित कर्मचारी

| | | |
|---|---|---|
| ईन्जिनियर | मोहर लाल महतो | |

| | | |
|---|---|---|
| स.ले.प. | दिना दास | |
| सब इन्जिनियर | सिवेन्द्र कुमार यादव | |
| ना.सु. | कृष्ण प्रसाद आचार्य | |

<u>प्रस्तावहरु</u>

प्रस्ताब नं १ : बार्षिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा

प्रस्ताब नं २ : सार्बजनिक, ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समिति गठन सम्बन्धमा

प्रस्ताब नं ३ : वडा कार्यालय तथा कर्मचारी आवास भवन भाडामा लिने सम्बन्धमा

प्रस्ताब नं ४ : धोधियाही पोखरी ठेक्का सम्बन्धमा

प्रस्ताब नं. ५: पदाधिकारी अबलोकन भ्रमण सम्बन्धमा

प्रस्ताब नं ६ : बिबिध

<u>निर्णयहरु</u>

**निर्णय नं १**. प्रस्ताब नं १ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँसभाबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रम संचालन गर्नको लागि चन्द्रनगर गाउँ कार्यपालिकाको कार्यालयबाट तयार गरि पेश भएको बार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो |

**निर्णय नं. २.** प्रस्ताब नं २ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका भित्र रहेका सबै सार्बजनिक,ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण कार्यको लागि प्रथम गाउँ सभाबाट विनियोजित बजेट खर्च गर्ने गरि यस गाउँपालिकास्तरीय तपशिल बमोजिमको सार्बजनिक, ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समिति गठन गर्ने निर्णय गरियो |

<u>तपशिल</u>

संयोजक श्री मदन कापड वडा नं-६

सदस्य श्री शम्भु चौधरि वडा नं- ६

सदस्य श्री अनिल कर्ण वडा नं- ६

सदस्य श्री शुशील कुमार सिंह वडा नं-७

सदस्य श्री शिवहरी यादब वडा नं-३

सदस्य श्री राजनन्दन महतो वडा नं-५

सदाय श्री मोतीलाल साह वडा नं-४

सदस्य श्री रामकिशुन राय यादब वडा नं-१

सदाय श्री नथुनी साह वडा नं-२

माथि उल्लेखित समितिले आवश्यकताअनुसार सम्बन्धित वडा समितिको सिफारिसमा वडास्तरीय उपसमिति गठन गर्न सक्नेछ|

**निर्णय नं. ३** प्रस्ताब नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको तपशिल बमोजिमको वडाहरुमा आफ्नै छुट्टै भबन नरहेको तर वडा कार्यालय संचालन गर्नुपर्ने भएकाले सम्बन्धित वडा समितिको सिफारिसमा पायकपर्ने स्थानमा घर भाडामा लिई वडा कार्यालय संचालन गर्ने निर्णय गरियो | साथै यस कार्यालयको कार्यालय प्रमुख लगाएत लेखा प्रमुख सरकारी कामकाजको शिलशिलामा बारम्बार सदरमुकाम जानु पर्ने भएकाले दैनिक भ्रमण खर्च बापत ठुलो रकम खर्च भएको हुँदा आवास सुबिधा पाएपछी सदरमुकाम मलंगवा जाँदा दैनिक भ्रमण भत्ता नपाउने शर्तमा मलंगवा नगरपालिकामा कार्यालय प्रमुख लगाएत अन्य कर्मचारीको लागि आवासको लागि घर भाडामा लिने निर्णय गरियो | वडा कार्यालय तथा कर्मचारी आवासको लागि टेलिफोन , इन्टरनेट लगाएतका सुबिधा समेत बजेट शिर्षक नबढ्ने गरि खर्च गर्ने निर्णय गरियो|

**निर्णय नं ४.** प्रस्ताब नं ४ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिका वडा नं ७ मा रहेको धोधियाही पोखरी को ठेक्का सम्बन्धि कागजात यस गाउँपालिकाको अभिलेखमा नरहेको साथै हालसम्म कोहि कसैले ठेक्का बापत रकम समेत दाखिला गरेको नदेखिएको हुँदा सो पोखरीको सम्बन्धमा यस गाउँपालिका (साबिक गाबिस) संग कोहि कसैको सम्झौता भएको भए सो सम्झौतापत्र तथा सम्झौतापत्र बमोजिम यस गाउँपालिकालाई तिर्नु\बुझाउनु पर्ने रकम तिरेको\बुझाएको प्रमाणसहित यस गाउँपालिकामा पेश गर्न १५(पन्ध्र) दिने सूचना स्थानीय पत्रिकामा प्रकासन गर्ने र सो म्याद भित्र कोहि कसैले प्रमाण सहित दाबी पेश नगरेमा यस गाउँपालिकाको राजश्व परामर्श समितिको निर्णयबाट न्युनतम कबोल अंक कायम गरि उक्त धोधियाही पोखरीको ठेक्का आह्वान गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो |

**निर्णय नं ५** प्रस्ताब नं ५ माथि छलफल गर्दा यस चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट पदाधिकारीको अबलोकन भ्रमणको लागि विनियोजित बजेट शिर्षक नबढ्ने गरि गाउँ कार्यपालिकाबाट कार्यक्रम तथा खर्चको सिमासम्बन्धि प्रस्ताव स्वीकृत गर्ने अधिकार गाउँपालिका

अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय गरियो। सो स्वीकृत कार्यक्रम अनुसार बिभिन्न स्थानीय तहको अबोलाकन भ्रमण गरि अनुभब तथा सिकाई को प्रतिबेदन पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६** प्रस्ताब नं ६ बिबिध १ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रथम गाउँ सभाबाट चालु खर्च शिर्षक तर्फको कार्यक्रम खर्च अन्तर्गत खेलकुद प्रतियोगिता कार्यक्रमको लागि विनियोजित बजेट शिर्षकबाट खर्च लेख्ने गरि चन्द्रनगर गाउँपालिका वडा नं २ गौचरण बजारमा स्थानीय युवा समितिले संचालन गरेको प्रदेशस्तरीय क्रिकेट प्रतियोगिताको प्रथम पुरस्कार रकम रु. ६०,०००|-(रुपैया साठ्ठी हजार मात्र) यस गाउँपालिकाबाट प्रदान गर्ने निर्णय गरियो ।

**बिबिध २. नादिताल डुंगा बोटिंग तथा पिकनिकस्थल संचालन ठेक्का सम्झौता सम्बन्धमा**

चन्द्रनगर गाउँपालिका,गाउपालिकको कार्यालयले प्रकाशन गरेको नादिताल डुंगा बोटिंग तथा पिकनिकस्थल संचालन ठेक्का सुचनामा बोलकबोल अंक रकम बुझाउने सम्बन्धमा कुनै शर्त उल्लेख नभएकोले ठेकेदारले कबोल गरेको रकमको ५०% रकम नगद दाखिला गरि सम्झौता गरि ~~मुन~~ पाउँ भनि निबेदन दिएको हुँदा बाकी ५०% रकम यहि मिति २०७४\१२\१५ गते भित्र नगदी दाखिला गर्ने शर्तमा ठेक्का सम्झौता गर्ने गाउ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो|

**निर्णय नं १ देखि ६ सम्मका निर्णयमाथि सहमति जनाउने पदाधिकारीहरुको नाम,पद र दस्तखत**

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | महेन्द्र महतो |
| उपाध्यक्ष | विणा देवी साह | विणा |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | Bachey |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | रामनारायण महतो |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | [illegible] |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | जगदिशसाह |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | नन्दलाल राय |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | राम |

| | | |
|---|---|---|
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | नथुनी |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | लिलिया |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | पतीदेवी |
| सचिव | टेक प्रसाद भट्टराई | २०७८/११/०४ |

प्रमाणित गर्ने